# कार्यपालिका बैठकको निर्णय

# प्रमाणित पुस्तिका

## बैठक संख्याः - १९।२०७५०७६

## मितिः- २०७६।०९।१०

फेदाप गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

पोक्लावाङ, तेह्रथुम

१ नं. प्रदेश, नेपाल

Contact No:- 9852080500 (Chairperson), 9852080600 (Chief Administrative Officer), 9852080700 (Vice Chairperson)

E-mail:-fedap.ruralmun@gmail.com

Facebook:- http://www.facebook.com/fedap.rural.municipality

Website:- http://www.phedapmun.gov.np

फेदाप गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पोक्लाबाङ, तेह्रथुम
१ नं. प्रदेश, नेपाल

अध्यक्षः- ९८५२०८०५००
उपाध्यक्षः-९८५२०८०७००
प्र.प्र.अ:- ९८५२०८०६००

यस गाउँ कार्यपालिकाका अध्यक्ष श्री हरी प्रसाद चोङवाङ (लिम्बु) ज्यूको अध्यक्षतामा, कार्यपालिकाका १० जना सदस्यको उपस्थितिमा कार्यपालिकाको बैठक (बैठक संख्या – १९।२०७५-०७६) मिति २०७६।०१।१० गते मंगलबार गाउँ कार्यपालिकाको कार्यालयमा सम्पन्न भई निम्नानुसारको निर्णय भएको व्यहोरा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८४ को उपदफा १ (ज) को अधिनमा रही प्रमाणित गरेको छु ।

प्रमुख प्रशासकीय अधिकृत

निम्न:

१. खरको छानोमुक्त गाउँपालिका कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६ संबन्धमा

यस गाउँपालिकाको चालु आ.ब. २०७५।०७६ को स्विकृत बार्षिक कार्यक्रम अन्तर्गत खरको छानोमुक्त गाउँपालिका कार्यक्रम कार्यान्वयन गर्न आवश्यक विधेयक समितिले तर्जुमा गरी पेश गरेको "खरको छानोमुक्त गाउँपालिका कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६" उपर व्यापक छलफल गरी सर्बसम्मतिले पारित गर्ने ।

२. जस्तापाताको गुणस्तर छनोट संबन्धमा

खरको छानो मुक्त गाउँपालिका कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६ को भाग – ४ को बुंदा ७ बमोजिम यस कार्यक्रम कार्यान्वयन गर्ने संबन्धमा गाउँ कार्यपालिकाको मिति २०७५।०५।२९ गतेको बैठकको निर्णय नं. १ को बुंदा नं. २ बमोजिम यस गाउँपालिकामा उपलब्ध नहुने निर्माण सामाग्रीको हकमा मोरङ जिल्ला र तेह्रथुम जिल्लाको दररेट लाई नै यस स्थानीय तहको दररेटको लागि आधार मानी ढुवानी भाडा जोडी मुल्य कायम गर्ने निर्णय भए बमोजिम २६ गेजको हेभी क्वालिटिको ०.४१ mm को रातोकलरमा ६ फिट र ७ फिटको आधा-आधा संख्यामा जस्तापाता खरिद गर्ने ।

३. खरिद प्रकृया अगाडी बढाउने संबन्धमा

खरको छानो मुक्त गाउँपालिका कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६ को भाग ४ को बुंदा ६ बमोजिम खरिद प्रकृया अगाडी बढाउने साथै बुंदा नं. ७ बमोजिम प्राविधिक शाखाले आबश्यक कागजात तयार गर्ने ।

४. तमोर लिफ्टिङ सिंचाई आयोजना सन्दर्भमा

यस गाउँपालिकाको जलजले र सिम्लेमा तमोर/खोरुङ्गा नदीबाट लिफ्टिङ सिंचाइ आयोजना संचालन गरी जिविकोपार्जनमा सहजता अपनाउन, आर्थिक स्तर उकास्न प्रदेश सरकार समक्ष योजना माग गर्ने ।